# Nepal Trade Union Congress
# नेपाल ट्रेड युनियन काँग्रेस

NTUC

## राष्ट्रिय समिति

च.नं Ref. No.: ३१३-०८१/०८२

मिति Date:

मिति : २०८१/१२/२५

## प्रेस विज्ञप्ती

हाल करिब ४० लाखभन्दा बढी नेपालीहरू विभिन्न देशहरूमा कार्यरत छन् । त्यसमध्ये अधिकांश खाडी मुलुकहरू (कतार, साउदी अरब, यूएई, कुवेत), मलेसिया, जापान, दक्षिण कोरिया र भारतमा छन् । साथै केहि संख्यामा अमेरिका, युरोपेली देशहरू र अष्ट्रेलियामा पनि नेपालीहरु रोजगारको सिलसिलामा पुगेका छन् । प्रत्येक वर्ष करिव ५ लाख नेपाली वैदेशिक रोजगारीका लागि देश छोड्छन् । विदेशमा काम गर्ने नेपालीहरूले पठाएको रेमिट्यान्सले नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP) को करिब २९% हिस्सा ओगट्छ । उक्त रेमिट्यान्सले नै नेपालको अर्थतन्त्रमा ठूलो योगदान गरेको छ ।

वैदेशिक रोजगारी लाखौं नेपालीको जीवन धान्ने आधार बनिरहेको भएता पनि स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्दछ भन्ने यस महासंघको धारणा रहेको छ । तथापि तत्कालै स्वदेशमा रोजगारी सिर्जना गर्ने विषय चूनौतीपुर्ण रहेकोले वैदेशिक रोजगारी सुरक्षित र मर्यादित बनाउन नेपाल सरकार लगायत सरोकारवाला निकायहरुसँग हातेमालो गरि अगाडी वढेको अवस्थामा मन्त्री र मन्त्रालयका अधिकारीहरू मेडिकल व्यवसायीहरूको प्रभावमा परेर वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण (मेडिकल) शुल्क ६ हजार पाँच सय रूपैयाँबाट एकै पटक नौ हजार पाँच सय रूपैयाँ बढाएकोप्रति यस महासंघले घोर आपत्ति जनाउदै भर्त्सना गर्दछ ।

अत: यस महासंघ बढाएको श्रमिकको स्वास्थ्य परीक्षण (मेडिकल) शुल्क तत्काल फिर्ता लिन सरकारसँग जोडदार माँग गर्दछ ।

जय नेपाल ।

.....................
अजय कुमार राई
महासचिव

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np